## योजना सम्झौता गर्दा संलग्न हुनुपर्ने कागजातहरु (SOP)

| सि.नं. | संलग्न हुनुपर्ने कागजातहरु |
|---|---|
| १ | आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घर परिवारको पहिचान गरी त्यस्ता उपभोक्ताहरुको आम भेलाबाट सम्बन्धित आयोजना स्थलमा नै सात देखि एघार सदस्यीय उपभोक्ता समिति गठन भएको कागजातमा वडा अध्यक्ष र सचिवले प्रमाणित गरेको निर्णय पुस्तिकाको प्रतिलिपी हुनुपर्नेछ । |
| २ | आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घर परिवार मध्येबाट दुई जना महिला सहित पाँच सदस्यीय अनुगमन तथा सहजिकरण समिति गठन भएको हुनुपर्नेछ । |
| ३ | उपभोक्ता समितिमा कम्तीमा ३३% महिला सदस्य अनिवार्य तथा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये एक जना महिला अनिवार्य र उपभोक्ता समितिको नामको छाप हुनुपर्नेछ । |
| ४ | सम्बन्धित वडा अध्यक्ष वा वडाध्यक्षले खटाएको वडा सदस्यको रोहवरमा उपभोक्ता समिति गठन भएको हुनुपर्नेछ। |
| ५ | सम्बन्धीत वडा कार्यालयको योजना सम्झौता गरी दिनु भनी लेखी दिएको किटानी सिफारिस हुनुपर्नेछ । |
| ६ | उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनुपर्नेछ । |
| ७ | नक्सा, डिइङ र दर विश्लेषण सहितको लागत अनुमान (Estimate) हुनुपर्नेछ । |
| ८ | सम्बन्धित उपभोक्ता समितिको योजना सम्झौता गर्ने अनुरोधपत्र हुनुपर्नेछ । |
| ९ | उपभोक्ता समितिको पदाधिकारीहरुको नागरीकताको प्रतिलिपिहरु हुनुपर्नेछ । |
| १० | हेभि इक्विपमेन्ट मेसिन प्रयोग गर्ने भएमा गाउँपालिकाको मेसिन प्रयोग गर्ने स्विकृतिपत्र हुनुपर्नेछ । |
| ११ | सम्झौता हुँदाका बखत आयोजना स्थलको फोटो हुनुपर्नेछ । |

## किस्ता रकम निकासाको लागि संलग्न हुनु पर्ने कागजातहरु :

| सि.नं. | संलग्न हुनपर्ने कागजातहरु |
|---|---|
| १ | उपभोक्ता समितिको बैठक बसी आयोजना सञ्चालन गर्दा भएको खर्चको शिर्षकगत अनुमोदन गरी रकम माग गर्ने निर्णय भएको हुनुपर्नेछ |
| २ | अनुगमन समिति तथा वडा कार्यालयको सिफारिस हुनुपर्नेछ |
| ३ | योजना स्थलको फोटो (योजना सञ्चालन हुनु पुर्व तथा योजना सञ्चालन भइरहेको अवस्थाको ) हुनुपर्नेछ । |
| ४ | गाउँपालिकाले तोकेको नमुना बमोजिमको खर्च सार्वजनिक सुचना फाराम र भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन हुनुपर्नेछ । |
| ५ | खर्चको सक्कल बील भर्पाई (रु २०,०००।- सम्मको पान बिल र सो भन्दा माथिको रकममा भ्याट बील पेश गर्नुपर्ने), मेसिन प्रयोग गरेमा मेसिन प्रयोग गर्ने इजाजतपत्र र लगसिट हुनुपर्नेछ । |
| ६ | नापी किताब, ठेक्का बिल सहितको प्राविधिक मुल्याङ्कन प्रतिवेदन हुनुपर्नेछ । |
| ७ | सम्बन्धित उपभोक्ता समितिको रनिङ बील (किस्ता) माग गर्ने अनुरोध पत्र हुनुपर्नेछ । |

## योजना फरफारक तथा अन्तिम किस्ता रकम निकासाको लागि संलग्न हुनुपर्ने कागजातहरु :

| सि.नं. | संलग्न हुनपर्ने कागजातहरु |
|---|---|
| १ | उपभोक्ता समितिको निवेदन एवं कार्य सम्पन्न भएको समितिको निर्णय हुनुपर्नेछ । |
| २ | आयोजना सचालन गर्दा भएको खर्चको शिर्षकगत अनुमोदन गरेको निर्णय हुनुपर्नेछ । |
| ३ | आयोजना सञ्चालन भएको मुख्य स्थानमा राखीएको सुचना पाटि (Hoding Board) को फोटो हुनुपर्नेछ । |
| ४ | योजना स्थलको शुरु हुनु अघि र सम्पन्न भएपछिको फोटो र सो अनुसार निर्माण भएको भनी अध्यक्ष, सचिव र कोषाध्यक्षको हस्ताक्षर एवं निर्णय हुनुपर्नेछ । |
| ५ | गाउँपालिकाले तोकेको नमूना बमोजिमको खर्च सार्वजनिक सुचना फाराम र भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन र सार्वजनिक परीक्षण गरेको प्रमाण र उपस्थीती हुनुपर्नेछ । |
| ६ | वडा समितिबाट कार्य सम्पन्न भएकोले भुक्तानी दिन हुन भनी गरी दिएको किटानी सिफारीस हुनुपर्नेछ । |
| ७ | अनुगमन तथा सहजीकरण समितिको कार्य सम्पन्न भएको निर्णय हुनुपर्नेछ । |
| ८ | खर्चको सक्कल प्रमाणित बिल भर्पाई ( अध्यक्ष, सचिव र कोषाध्यक्षद्वारा बिल प्रमाणित हुनुपर्ने ) र रु २०,०००।- भन्दा माथिको रकममा भ्याट बील आवश्यक पर्ने), मेसिन प्रयोग गरेमा मेसिन प्रयोग गर्ने इजाजतपत्र र लगसिट हुनुपर्नेछ । |
| ९ | नापी किताब, मेसिन प्रयोग गरेकोमा प्राविधिक प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन हुनुपर्नेछ । |

## आयोजना सुचना पाटी

**बकैया गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, हातिसुँडे, मकवानपुर**

| | बजेट |
|---|---|
| आयोजनाको नाम : | १. गाउँपालिकाको रु : |
| वडा नं. : | २. जन श्रमदानबाट रु : |
| उपभोक्ता समितिको | ३. अन्यबाट रु : |
| अध्यक्षको नाम : | क. |
| सम्पर्क नं. : | ख. |
| जम्मा सदस्य संख्या : | ४. कूल लागत रु: |
| आयोजनाबाट लाभान्वीत जनसंख्या : | |
| आयोजना शुरु हुने मिति : | आयोजना सम्पन्न हुने मिति : |

Scanned with CamScanner